संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -५२
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ १८ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरुले सिन्धुली जिल्ला मरिण गाँउपालिकाको बाह्रबिसेमा चट्याङ लागेर एक पुरुषको मृत्यु भएको, अविरल बर्षाको कारणले मदनभण्डारी राजमार्ग अन्तर्गत सिन्धुली जिल्ला कमलामाई गाँउपालिकामा सडक भासिएकोले वरपरका घरहरु जोखिममा परेको, उच्च शिक्षा आयोगले एम.वि.वि.एस. प्रवेश परीक्षाको नतिजा प्रकाशन गर्दा समान अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको योग्यताक्रमको आधारमा गर्नुपर्नेमा रोल नम्वरको आधारमा कायम गरिएको, सुदुरपश्चिम प्रदेशमा बजेट पारित नहुँदा कर्मचारीहरुले तलब नपाएको र सरकारी स्वास्थ्य सेवा समेत उधारोमा चलेको, पुर्व पश्चिम राजमार्ग अन्तर्गत दुधरा खोलाको निर्माणाधीन पुल ६ बर्षदेखि अलपत्र अवस्थामा रहेको, रौतहट जिल्लाको गौर स्थित प्रादेशिक अस्पतालमा मे.सु.द्वारा अस्पतालको संवेदनशीलता माथि असर पर्ने कार्य गरेको, सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्रीले नेपाल प्रहरीका आई.जि.पि.को जिब्रो थुत्लुपर्छ भनी आपत्तिजनक अभिव्यक्ति दिएको, अविरल बर्षाले कर्णाली क्षेत्रको सुर्खेत-जुम्ला सडकको विभिन्न स्थानमा पहिरोले सडक अवरुद्ध भएकोले जनजीवन प्रभावित भएको, रुपन्देही जिल्लाको कोटहीमाई गाँउपालिकाकी एक महिला कर्मचारीमाथी शारीरिक शोषण गरेको, भुमिसुधार कार्यालय दाङले मोही लगत कट्टि भएको पत्रचार नगरेको कारण मोहि कट्टि भएको नदेखिएकाले बैंकले किसानलाई थप धितोको लागि दबाब दिइरेहेको, काठमाडौं उपत्यकाका नदीकिनार क्षेत्रका सम्बन्धमा सर्वोच्च अदालतको फैसलाका कारण करिब असीहजार घरधुरी प्रभावित भएको, धनुषा जिल्ला बटेश्वर गाउँपालिकाका एक दम्पतीले करिव १ बर्षदेखि नागरिकताको प्रतिलिपि प्राप्त गर्न नसकेको, एनसेलको राजस्व किस्ताबन्दीमा लिने सरकारको निर्णयले अरबौ राजस्व हिनामिना हुनसक्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

१. मा० सुशिला थिङ
२. मा० देवेन्द्र पौडेल
३. मा० सुमना श्रेष्ठ
४. मा० रोशन कार्की
५. मा० कृष्ण कुमार श्रेष्ठ
६. मा० रामहरि खतिवडा
७. मा० छिरिङ ल्हामु लामा (तामाङ)
८. मा० विनिता कठायत
९. मा० सर्वेन्द्र नाथ शुक्ला
१०. मा० मेटमणि चौधरी
११. मा० सन्तोष चालिसे
१२. मा० मनिष झा
१३. मा० प्रभु साह
१४. मा० अम्मर बहादुर थापा

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० डिग बहादुर लिम्बु
२. मा० तारा लामा तामाङ
३. मा० डा० तोसीमा कार्की
४. मा० दिपक बहादुर सिंह
५. मा० दिलेन्द्र प्रसाद बडू
६. मा० दुर्गा राई
७. मा० ध्रुब बहादुर प्रधान
८. मा० नारायण प्रकाश साउद
९. मा० नारायण प्रसाद आचार्य
१०. मा० निर्मला कोइराला
११. मा० पुष्प बहादुर शाह
१२. मा० पूर्ण बहादुर घर्ति मगर
१३. मा० प्रतिमा गौतम
१४. मा० प्रभु हजरा
१५. मा० प्रेम बहादुर महर्जन
१६. मा० बासु देव घिमिरे
१७. मा० बिन्दबासिनी कांसकार
१८. मा० बिमला सुवेदी

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० ईश्वर बहादुर रिजाल
३. मा० अमनलाल मोदी
४. मा० सोबिता गौतम

| | | | |
|---|---|---|---|
| ५. | मा० राजेन्द्र प्रसाद लिङदेन | ९. | मा० राम प्रकाश चौधरी |
| ६. | मा० शेर बहादुर कुँवर | १०. | मा० प्रेम सुवाल |
| ७. | मा० अब्दुल खांन | ११. | मा० शान्ती वि.क. |
| ८. | मा० दिपक कार्की | १२. | मा० रण कुमारी बलम्पाकी मगर |

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित व्यहोराको पत्र पढेर सुनाउनु भयो:-

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | ऐन संख्या | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | ०९ | बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग, २०७१ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/०५/१३ |

मिति : २०८१/०५/१३

(नारायणप्रसाद शर्मा दुवाडी)
सचिव

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रम अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिने कार्यक्रममा माननीय प्रेम सुवालले सोध्नु भएको प्रश्न नं. १६ र १७ को माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले र खानेपानी मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिने कार्यक्रममा माननीय प्रेम सुवालले सोध्नु भएको प्रश्न नं. प्रश्न नं. १८ को माननीय खानेपानी मन्त्री प्रदिप यादवले जवाफ दिनुभयो।

त्यसपछि सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिका माननीय सभापति सूर्यबहादुर थापा क्षेत्रीले प्रस्तुत गर्नु भएको समितिको कार्यावधि पन्ध्र दिन थप गर्ने सम्बन्धी सम्बन्धी प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो।

तत्पश्चात् शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सभापति अम्मर बहादुर थापाले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विश्वविद्यालय विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८१" र "सार्वजनिक सेवा प्रशारण विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८१" पेश गर्नुभयो।

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो।

त्यसपछि माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ २४ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०४:५० बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव